नेपाल सरकार

अर्थ मन्त्रालय

नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनोट तथा सिफारिस समितिको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/११)

नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन २०८३/३/३१ गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालय, सिंहदरबारको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा गोप्य सिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. योग्यता तथा अनुभवः

(क) नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४२(१) बमोजिम योग्यता तथा अनुभव भएको।

(ख) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ४ बमोजिम अयोग्य नरहेको।

२. दरखास्त पेस गर्ने प्रक्रियाः

(क) दरखास्त साथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ बमोजिम स्वयं घोषणा निवेदन स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ।

(ख) दरखास्त पेस गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र दुई प्रति पासपोर्ट साइजको फोटो तथा उक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेस गर्नुपर्नेछ। खामबन्दी प्रस्तावको खामवाहिर **"नागरिक लगानी कोषको कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ।

३. व्यावसायिक काययोजनाको प्रस्तुतीकरणः

छनोट सूचीमा परेका उम्मेदवारले आफूले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नुपर्नेछ।

४. दस्तुरः

दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षक १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैंक, सिंहदरबार शाखामा रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ।

कार्यकारी निर्देशकलाई करारमा उल्लेख भएबमोजिमका सर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

५. अन्य विवरणः

(क) नागरिक लगानी कोषको कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा उक्त कार्यविधिबाट जानकारी लिन सकिनेछ।

(ख) छनोट तथा सिफारिस समितिले यो सूचना बमोजिम प्राप्त भएका दरखास्त कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेस गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ०१४२११३६५ मा सम्पर्क गर्न सकिनेछ।